देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
५ नं. प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं.

मिति: २०७७/०३/०५

## अत्यन्त जरुरी सूचना

देवदह नगरपालिका वडा नं. ३ मा गंगालक्ष्मी मल्लको नाममा रहेको साविक केरवानी गा.वि.स. ४/क किनं. १५७ क्षेत्रफल ९-१०-६ को जग्गा मालपोत कार्यालय रुपन्देही मार्फत मिति २०६५/०१/०४ गतेबाट निज गंगालक्ष्मी मल्लले आफ्नो हकभोग छोडी नेपाल सरकारको नाममा चढाएको, सो जग्गामा प्रदेश सरकार प्रदेश नं. ५ को **एक स्थानिय तह एक औद्योगिक ग्राम** निर्माण गर्ने नीति अनुरुप उद्योग ,पर्यटन , बन तथा वातावरण मन्त्रालय अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही मार्फत परामर्श दाता नियुक्त गरी सर्भे, ड्इङ, डिजाइनको काम अन्तिम चरणमा पुगेको अवस्थामा उक्त औद्योगिक ग्राम स्थापना गर्ने नेपाल सरकारको जग्गामा आफुखुसि उपभोग गरिरहेका स्थानियहरु संग चरण चरणमा छलफल भई हिउँदे खेति तोरि,मुसुरो गहुँ लगायतका खेति स्याहारे पश्चात कुनै पनि खेति नलगाउने समझदारि भएकोमा हाल आएर पूनः धान खेति गर्ने उद्देश्य राखि सो जग्गा जोताइरहेको भन्ने सूचना पाइएकोमा यस नगरपालिकाको कार्यालयले सरोकारवालहरु संग उक्त विषयमा संवाद छलफल गरि निष्कर्षमा पुग्नका लागि २ दिन भित्र नगरपालिका आउन दिइएको मौखिक सूचनाको समेत उल्लंघन गरी नआएकोले नगरपालिकाको निर्णय विपरित नेपाल सरकारको जग्गामा धान खेति गर्ने उद्देश्य राखेको पाइएकोले मिति २०७७/०३/०४ गतेको नगर कार्यपालिकाको निर्णय बमोजिम उक्त जग्गामा कसैले पनि आफुखुसि उपभोग नगरि/ नगराई खालि राख्न सम्बन्धित सबैमा सूचित गरिन्छ । निर्णय विपरित कोहि कसैले अटेर गरि धान रोप्ने वा अन्य कार्य गरे गराइएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गर्न नगरपालिका बाध्य हुने व्यहोरा सूचित गरिन्छ ।

हिरा बहादुर खत्री
नगर प्रमुख

हिरा बहादुर खत्री
प्रमुख